# बालसंवेदनशील सामुदायिक रेडियो राष्ट्रिय पुरस्कार सम्बन्धी जरुरी
# सूचना

केन्द्रीय बालकल्याण समिति र सामुदायिक रेडियो प्रसारक संघ नेपाल (अकोर्याब) को सहकार्यमा गत वर्षदेखि स्थापित बालसंवेदनशील सामुदायिक रेडियो राष्ट्रिय पुरस्कार अन्तर्गत यसवर्ष पनि बालअधिकार संरक्षण तथा सम्वर्द्धनको विषयमा रेडियो कार्यक्रम, रिपोर्टिङ्ग र रेडियोको योगदानको रुपमा बालअधिकारसंग सम्बन्धित सार्वजनिक सन्देशहरु उत्पादन तथा प्रसारण गर्नुहुने उत्कृष्ट सामुदायिक रेडियोलाई रु ५०,०००।- राशीको बालसंवेदनशील सामुदायिक रेडियो राष्ट्रिय पुरस्कारद्वारा सम्मानित गरिने भएको छ ।

यस पुरस्कारका लागि नेपालभरका सामुदायिक रेडियोहरुले बालअधिकार संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा पुर्‍याएको योगदान सहितको संस्थागत विवरण र २०७४ बैशाख १ गते देखि २०७४ चैत्र मसान्तसम्म प्रसारण भएका ३ वटा सामग्रीको डिजिटल अडियो (रेडियो कार्यक्रम, रिपोर्टिङ्ग र सन्देश) सहितको आवेदन २०७४ बैशाख ३१ गतेभित्र सामुदायिक रेडियो प्रसारक संघ नेपाल (अकोर्याब) को केन्द्रीय कार्यालय चाकुपाट, ललितपुरमा आइपुग्ने गरी इमेल ठेगाना info@acorab.org.np मा पठाउनु पर्नेछ ।

यससम्बन्धी विस्तृत जानकारी तथा आवेदन फारम सामुदायिक रेडियो प्रसारक संघ नेपाल (अकोर्याब) को वेवसाइट www.acorab.org.np र केन्द्रीय बालकल्याण समितिको वेवसाइट www.ccwb.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

साथै, केन्द्रीय बालकल्याण समिति र नेपाल पत्रकार महासंघको संयुक्त प्रयासमा स्थापित बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कारबाट यस वर्ष पनि ८ जना पत्रकारहरु पुरस्कृत हुने व्यवस्था रहेकोमा सो सम्बन्धी विस्तृत जानकारीको लागि नेपाल पत्रकार महासंघको वेवसाइट www.fnjnepal.org र केन्द्रीय बालकल्याण समितिको वेवसाइट www.ccwb.gov.np हेर्नुहुन समेत सबैमा अनुरोध छ ।